## कार्यपालिका बैठक नं. ३४

आज मिति २०८२।०३।०९ गते, बिहान ९:०० बजे डिलासैनी गाउँपालिका अध्यक्ष श्री सन्तोष प्रकाश जोशी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ३४ औं बैठकको तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सन्तोष प्रकाश जोशी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री भगीरथ बोहरा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री कृष्ण कुमार धामी | सदस्य | |
| ४ | श्री नवराज घरडी | सदस्य | |
| ५ | श्री रघुविर बोहरा | सदस्य | |
| ६ | श्री हरी दत्त पन्त | सदस्य | |
| ७ | श्री यज्ञ राज भट्ट | सदस्य | |

| | | | |
|---|---|---|---|
| ८ | श्री उत्तर बहादुर बोहरा | सदस्य | |
| ९ | श्री प्रकाशमणी भट्ट | सदस्य | |
| १० | श्री कलावती लुहार | सदस्य | |
| ११ | श्री कविता भूल | सदस्य | कविता |
| १२ | श्री दुर्गा धामी | सदस्य | दुर्गा |
| १३ | श्री मानमती लुहार | सदस्य | |
| १४ | श्री बिमला बोहरा | सदस्य | Bimala |
| १५ | श्री शारदा बोहरा | सदस्य | शारदा |
| १६ | श्री गणेश सिंह बोहरा | सदस्य सचिव | |

CamScanner

कार्यपालिका बैठक नं. ३४

कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु:

प्रस्ताव नं. १: रकमान्तर तथा योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. २: निर्णय संशोधन सम्बन्धमा।

प्रस्ताव नं. ३: ऐन/कानून/मापदण्ड/रणनीति/कार्यविधि निर्माण तथा स्वीकृती सम्बन्धमा।

प्रस्ताव नं. ४: गाउँ सभा अधिवेशन आवह्वान तथा सभामा पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५: घ वर्गको इजाजत स्वीकृती सम्बन्धमा।

प्रस्ताव नं. ६: सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन तथा लाभग्राही छनौट सम्बन्धमा।

प्रस्ताव नं. ७: मालपोत कार्यालय स्थापनाका लागि सहमति सम्बन्धमा।

प्रस्ताव नं. ८: कक्षा थप सम्बन्धमा।

प्रस्ताव नं. ९: स्वास्थ्य भवन निर्माण सम्बन्धमा।

CamScanner

कार्यपालिका बैठकमा पेश भएका प्रस्ताव र पारित भएका निर्णयहरु:

निर्णय नं. १ प्रस्ताव नं.१ माथि आवश्यक छलफल गर्दा डिलासैनी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ मा कार्यान्वयन हुने गरि गापा अन्तरगतका तपसिल बमोजिमका शिर्षकहरुलाई रकमान्तर संशोधन एवम् विनियोजन गर्ने निर्णय पारित गरियो ।

| क्र. सं. | रकमान्तर गरिएको शिर्षक | रकम रु | रकमान्तर गर्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | पानी तथा विजुली | ३,९०,०००। | घरभाडा | ३,९०,०००। |
| २ | पारिश्रमिक पदाधिकारी | १,५०,०००। | भ्रमण पदाधिकारी | १,५०,०००। |
| ३ | संचार महशुल | २,००,०००। | सहिद सम्मान | ३,५०,०००। |
| ४ | १० वर्षे शिक्षा योजना निर्माण | १,५०,०००। | | |
| ५ | गाउँपास्वचित्र निर्माण तथा संवेदनशिल स्थानहरुमा सिसि क्यामेरा जडान | ३,००,०००। | डिलासैनी स्वास्थ्य चौकी घेरपर्खाल तथा वाटो निर्माण | ३,००,०००। |
| ६ | फर्निचर तथा फिक्चर्स | १८,५०,०००। | गाडी भाडा पुरानो भुक्तानी | ९,००,०००। |
| | | | विविध खर्च/अतिथि सत्कार | ९,५०,०००। |
| ७ | पारिश्रमिक कर्मचारी | १,५०,०००। | भ्रमण कर्मचारी | १,५०,०००। |
| ८ | रुइनेत खापा सिचाँई | ५०,०००। | स्वास्थ्य कार्यालय वाटो निर्माण | ५०,०००। |
| ९ | अन्य सार्वजनिक निर्माण(डिजेल खरिद) | ८,००,०००। | सवारी साधन मर्मत(व्याकहोलोडर, स्काभेटर, जीप, मोटरसाइकल) | ८,००,०००। |
| १० | मेडिकल अधिकृत र स्वास्थ्य कर्मचारी करार सेवा शुल्क | ७,००,०००। | कार्यालय सञ्चालन | ७,००,०००। |
| ११ | बालविकास र विद्यालय कर्मचारी करार सेवा शुल्क | ४४,००,०००। | सेवा परामर्श | १०,००,०००। |
| | | | अन्य सार्वजनिक पूजीगत | ३४,००,०००। |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२ | उन्नत जातको गँहुको बिउ वितरण कार्यक्रम | ६,००,०००। | पशु औषधि खरिद | ३,००,०००। |
| | न्यायिक समिति संचालन तथा मेलमिलाप तालिम | १,८२,०००। | सौर्य उर्जा जडान | ४,५०,०००। |
| | | | पाइप खरिद डिलासैनी ६ | ३५,०००। |
| १३ | नुवाकोट लघु जलविधुत छत मर्मत | २,००,०००। | घटाल मावि कोठा पार्टिसन र जिर्ण भवनहरु हटाई खेलमैदान निर्माण | २,००,०००। |
| १५ | धारामा पिपल चौतारो निर्माण डिलासैनी ५ | ६२,०००। | सेरा पिपल चौतारो निर्माण डिलासैनी ५ | ६२,०००। |
| १६ | जडिया पानी न्वालो निर्माण डिलासैनी ६ | ७५,०००। | पाडी चुच्चाई न्वालो निर्माण डिलासैनी ६ | ७५,०००। |
| जम्मा | | १,०२,५९,०००। | जम्मा | १,०२,५९,०००। |

निर्णय नं.२ प्रस्ताव नं.२ माथि आवश्यक छलफल गर्दा डिलासैनी गाउँपालिकाको मिति २०८१।०९।२९ गतेको ३१ औं निर्णय नं को सि.नं. ६ लाई संशोधन गरि तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

| क्र स | लाभग्राहीको नाम थर | ठेगाना | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | राम दत्त जोशी | डिलासैनी ५ | २,५०,०००। | |
| २ | आदर्श राना | डिलासैनी ३ | ५,००,०००। | |

निर्णय नं.३ प्रस्ताव नं.३ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिका द्वारा पारित गरिएका तपसिल बमोजिमका कार्यविधि/ऐन/कानुन/मापदण्ड निर्माण तथा समय अनुकुल संशोधन एवम् परिमार्जन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

तपसिल:

१. डिलासैनी गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा रणनीति, २०८२

२. डिलासैनी गाउँपालिकाको गुनासो सुनुवाई कार्यविधि, २०८२

३. डिलासैनी गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जाल(गठन तथा सञ्चालन)सम्बन्धी मापदण्ड, २०८२

**निर्णय नं.४** प्रस्ताव नं.४ माथि आवश्यक छलफल गर्दा डिलासैनी गाउँपालिकाको गाउँ सभाको हिउँदे अधिवेशन भव्यताका साथ तपसिलको मिति, स्थान र समयमा आह्वान गर्ने निर्णय पारित गरियो ।

तपसिल:

गाउँ सभाको १७ औ अधिवेशन

मितिः २०८२।०३।०९ गते

स्थानः गाउँपालिकाको सभा हलमा ।

समयः बिहान १०:०० बजे

**निर्णय नं.५** प्रस्ताव नं.५ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिकाको घ वर्गको इजाजत प्रमाणपत्र वितरण सम्बन्धि कार्यविधि बमोजिम तपसिलको फर्म/निर्माणलाई तोकिएको मापदण्ड पूरा गरेकोले घ वर्गको इजाजत जारी गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

तपसिलः

| क्र.सं. | निर्माण कम्पनीको नाम | ठेगाना | संचालक र सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | महादेव कन्स्ट्रक्सन | डिलासैनी २ बैतडी | विरेन्द्र भण्डारी ९८६०२२३९५५ | |
| २ | जी जी कन्स्ट्रक्सन | डिलासैनी २ बैतडी | जनक कुमार घरडी ९८४४०९३३३१ | |
| ३ | घरडी कन्स्ट्रक्सन | डिलासैनी २ बैतडी | कमलेश घरडी ९७०१८५८९८६ | |
| ४ | एच आर कन्स्ट्रक्सन | डिलासैनी २ बैतडी | हरिचन्द्र बोहरा ९८१८१५१२६३ | |
| ५ | एन एर आर कन्स्ट्रक्सन | डिलासैनी २ बैतडी | नरेश बहादुर घरडी ९८६९७२५५४५ | |

**निर्णय नं.६** प्रस्ताव नं.६ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिकाको मिति २०८१।१२।१७ गतेको सूचना बमोजिम सबै वडा कार्यालयबाट उपलब्ध भएका सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि अनुसार सिफारिस भएका प्रत्येक वडाका देहायका लाभग्राहीहरुलाई प्रथम किस्ता बापतको रकम सशर्त अनुदान शिर्षकबाट चालु आर्थिक वर्षमा लाभग्राहीहरुलाई कार्यसम्पादनका आधारमा भुक्तानी निकासा गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं.७** प्रस्ताव नं.७ माथि आवश्यक छलफल गर्दा मालपोत कार्यालय बैतडीको मिति २०८२।०२।३० गतेको प्राप्त पत्रको व्यहोरा अनुसार पुर्चौडी नगरपालिकामा मालपोत कार्यालय स्थापनाका लागि डिलासैनी गाउँपालिका वडा नं ४ लाई कार्यक्षेत्र तोक्न उपयुक्त भएको निर्णय सर्वसम्मतले पारित गरियो।

CamScanner

निर्णय नं.८ प्रस्ताव नं.८ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिका अन्तरगत वडा नं १ मा रहेको श्री आदर्श मावि सेल्तडामा २०८२ साल वैशाखबाट कक्षा १० संचालनका लागि अनुमति दिने निर्णय सर्वसम्मतले पारित गरियो।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि आवश्यक छलफल गर्दा यस डिलासैनी गाउँपालिका अन्तरगत वडा नं १ मा रहेको श्री बरम आधारभूत सेवाग्राहीहरुको चाप धेरै भई भवन अभावका कारण सेवा संचालनमा कठिनाई भएकाले उक्त स्थानमा भवन निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिस गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

CamScanner